सम्वत् २०७९ सालको ऐन नं.-२

पाथीभरा याङवरक गाउँपालिका

# विनियोजन ऐन, २०७९

गाउँसभाबाट पारित भएको मितिः २०७९/०३/१०

पाथीभरा याङवरक गाउँपालिका

थेचम्बु, ताप्लेजुङ्ग

प्रदेश नं.-१, नेपाल

अध्यक्ष ज्यूबाट प्रमाणिकरण भएको मिति

२०७९/०३/२६

**पाथीभरा याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को सेवा प्रवाह र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

प्रस्तावनाः पाथीभरा याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरूको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पाथीभरा याङवरक गाउँ सभामा यो विधेयक पेश गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "पाथीभरा याङवरकको बिनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन मिति २०७९ साल श्रावण १ गते शुक्रबारका दिनबाट पाथिभरा याङवरक गाउँपालिका क्षेत्र भित्र प्रारम्भ हुनेछ।

२. आर्थक वर्ष २०७९/७९ का निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः आर्थिक वर्ष २०७९/८० का निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ बमोजिम स्थानीय संचित कोषबाट विनियोजन हुने चालु, पुँजीगत र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. ४०,८०,१८,१९०।- अक्षरेपी चालिस करोड असी लाख अठार हजार एक सय नब्बे रुपैया मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन ऐनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त पाथीभरा याङवरक गाउँपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त बिनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५% मा नबढ्ने गरी (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७९ बमोजिम पुँजीगत शिर्षक अन्तर्गत) कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकं भन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालू तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५% भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा गाउँ सभाको स्विकृति लिनु पर्नेछ ।

४. वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः- (१) पाथीभरा याङवरक गाउँपालिकाले कानून बमोजिम आफूले उठाउने राजश्व र प्राप्त गरेको अनुदान रकम खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरू पालना हुने गरी बनाउनु पर्नेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र पाथीभरा याङवरक गाउँपालिकाले बनाएको आर्थिक तथा वित्तीय नीति अनुशरण गर्नु पर्नेछ ।

(ख) सबै प्रकारको आय, राजश्व तथा अनुदान रकम गाउँपालिकाको मूल (संचित कोष)मा दाखिला गर्नु पर्नेछ।

(ग) अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नु पर्नेछ ।

(घ) पुँजिगत खर्च र वित्तिय व्यवस्थापन तर्फ बिनियोजन भएको रकम चालू खर्चतर्फ रकमान्तरण गर्न पाईने छैन ।

(ङ) आय व्ययको लेखांकन र वर्गिकरण नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले निर्धारण गरे बमोजिम राख्नु पर्नेछ ।

(च) वित्तिय अनुशासन र लेखा व्यवस्थापनका लागि आ.व. २०७९/८० बाट यस गाउँपालिकाको लेखा तथा कारोवार सुत्र (SUTRA) मार्फत गरिनेछ ।

५. **अख्तियारी तथा कार्यक्रम स्विकृति सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानुनमा जुनसुकै व्यवस्था भए पनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारी गाउँपालिका अध्यक्षले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम बजेट स्विक्रित भएको दिनबाट सात (७) दिन भित्र प्रमुख प्रशासकीय अधिक्रितलाई प्रदान गर्नु पर्नेछ ।

६. **कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः-** यस ऐनको कार्यान्वयन गर्न पाथीभरा याङवरक गाउँपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड यस गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

७. **आदेश जरी गर्न सक्नेः-** यस ऐनको कार्यान्वयन गर्दा कुनै वाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन जारी गरी आवश्यक व्यवस्था गर्नेछ ।

## अनुसूची-१

### (दफा-२ संग सम्बन्धित)

### संचित कोषबाट बिनियोजन हुने रकम

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ८,१३,०१,२९०।- | १९,१०,६८,०००।- | ० | २७,२३,६९,२९०।- |
| २ | | वडा समिति | ८,२९,९००।- | २,४७,०१,०००।- | ० | ३,३०,००,०००।- |
| ३ | | विषयगत शाखा | १९,५९,८८,०००।- | ६६,६५,०००।- | ० | २०,२६,५३,०००।- |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | ० | ० | ० | |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | |
| | | जम्मा | २८,५५,८८,२९०।- | २२,२४,३४,०००।- | | ५०,८०,२२,२९०।- |

प्रमाणित

२०७६।०३।२६